# कार्यपालिकाको निर्णय प्रमाणित पुस्तिका

## बैठक संख्याः १७।२०७५-०७६

## मितिः २०७५।११।२१

फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ.- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १३ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – १७।२०७५-०७६) मिति २०७५।११।२१ गते मंगलबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

११।२७

प्रमुख प्रशासकीय अधिकृत

निम्नः

१. सम्दु स्वास्थ्य चौकीको भवनको मर्मत सभार संबन्धमा

सम्दु स्वास्थ्य चौकीको च.नं. ४४ मिति २०७५।११।१९ को पत्रानुसार तथा ४ नं. वडा कार्यालयको च.नं. ४९५ मिति २०७५।११।१९ को पत्रानुसार सम्दु स्वास्थ्य चौकीको नयाँ भवनको पछाडी पट्टी रहेको भित्तामा रहेको वाल भत्केर खानेपानीको पाइप टुट-फुट हुनुको साथै झ्यालको सिसाहरु फुटेकोले दैनिक सेवा प्रवाहमा समस्या आएकोले आवश्यक वजेट बिनियोजन गरी योजना कार्यान्वयन गरि दिनु भनी सिफारिस आएकोले तत्कालिन आवश्यकतालाई मध्यनजर गर्दैं आ.ब. २०७५।०७६ को स्विकृत योजनाहरुको कन्टिन्जेन्सी बाट खर्च हुने गरी रु. १,००,०००।- (एक लाख) बिनियोजन गर्ने, स्वास्थ्य चौकीलाई कार्यदिश दिने ।

२. सन्तकुमार लिम्बुको निवेदन संबन्धमा

फेदाप - ४, सम्दु निवासी श्री सन्त कुमार लिम्बुले आफ्नो दाजु रमेश कुमार लिम्बुको फोक्सो संबन्धि समस्या भई बि.पी. कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स धरानमा उपचारको लागि लैजानु पर्ने भएकोले आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग गरी पाउँ भनी मिति २०७५।११।२१ मा यस कार्यालयमा पेश गर्नुभएको निवेदन तथा ४ नं. वडा कार्यालयको च.नं. ४९६, मिति २०७५।११।२१ को सिफारिस पत्रानुसार आकस्मिक कोष कार्यविधी, २०७४ को अनुसुची १ को बुंदा नं. ६ अनुसार आ.ब. २०७५।०७६ को आकस्मिक कोषबाट खर्च हुने गरी रु. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने ।

३. मध्यपहाडी बतासे देखी सम्दु कोयाखोला सम्मको न्यापको सडक स्तरोन्नती उ.स. सम्बन्धमा

उपभोक्ता समिति खारेज गरी दिने बारेको यस कार्यालयमा मिति २०७५।११।०७ मा पेश भएको निवेदनको सन्दर्भमा यस गाउँपालिकाको अध्यक्ष ज्यूको "आम भेला बोलाई समिति गठन गरिदिने नियमानुसार काम अगाडी बढाउनु होला" भन्ने तोक आदेश भएको र सोही विषयमा नियम बमोजिम दुवै वडाको उपभोक्ताहरुको आम भेलाबाट विधिवत रुपमा उपभोक्ता समिति गठन भएको भनी उपाध्यक्ष ज्यूले

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

स्पष्ट पार्नु भएकोले नियम बमोजिम एकपल्ट बनिसकेको उपभोक्ता समितिलाई विगठन नगरी अर्को समिति गठन गर्न नियम सम्मत नहुने भएकोले मिति २०७५।१०।२३ मा उपाध्यकज्य

**४. स्थानीय पूर्वाधार विकास साझेदारी योजना कार्यान्वयन मा ताकेता गर्ने संबन्धमा**

यस कार्यालयको च.नं. ३१० मिति २०७५।०८।०६ को पत्रानुसार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतको योजनाहरुको उ.स. गठन गरी सो को जानकारी दिनु भनी २ र ४ नं. वडा कार्यालयलाई पत्राचार गरिएता पनि हाल सम्म पनि सो को जानकारी नआऐकोले मिति २०७५।११।३० गते सम्ममा सो को जानकारी माग गर्न ताकेता गर्ने ।

**५. शेर्मा देखी सम्दु सम्मको SNRTP सडक संबन्धमा**

शेर्मा देखी सम्दु सम्मको SNRTP को सडक बिस्तारको कार्य साविक जिल्ला प्राविधिक कार्यालयबाट ठेक्का भई कार्यान्वयन भइ रहेकोमा आशातित रुपमा त्यसको गुणस्तर तथा मापदण्ड लागू नभएको तथा सडकको भित्तामा नाली खन्ने काम नहुँदा बर्खाको सिजनमा सवारी साधन आवत जावतमा समस्या हुने भएकोले उक्त समस्या समाधान गरी सवारी साधन आवतजावतमा सहज बातावरण सिर्जना गर्न संबन्धित निकायमा पत्राचार गर्ने ।

**६. इसिबु मा.बि. देखी कोयाखोला सम्मको सडक मर्मत संभार संवन्धमा**

फेदाप - ५ इसिवु निवासी पुरुषोत्तम तिम्सिना सहित १५ जनाको निवेदन तथा ५ नं. वडा कार्यालय, इसिवुको च.नं. २७०, मिति २०७५।१०।२१ को सिफारिस पत्रानसुर इसिवु मा.वि. देखी कोयाखोला सम्मको सडक जिर्ण भएकोले उक्त मोटर बाटो मर्मत संभ र गरी आसपासका बस्तीहरुमा गाडीको सहज आगावमन हुने गरीको व्यवस्था गर्न गाउँपालिकाको आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत योजनाहरुको कन्टिन्जेन्सी शिर्षकबाट खर्च हुने गरी रु. १,२५,०००।- (अक्षेरपी एक लाख पच्चिस हजार) बिनियोजन गर्ने ।

११।२९
प्रमुख प्रशासकीय अधिकृत